**जानकी गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १० प्रमाणिकरणः २०७५।०३।२५
प्रकाशन : २०७५।०५।२६

भाग-२

**जानकी गाउँपालिका**

## कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धि कार्यविधि, २०७५

**पृष्ठभूमीः**

जानकी गाउँपालिकाले कृषि क्षेत्रलाई सम्बृद्धिको आधार मानेको छ । जानकी गाउँपालिकालाई आर्थिक रुपमा समृद्धि तर्फ लैजान सहयोग पुऱ्याउने बिभिन्न बिषयगत क्षेत्र मध्ये एउटा प्रमुख सम्भागको रुपमा रहेको कृषिलाई समय सापेक्ष व्यवसायीकरण एवं आधुनिकीकरणमा सहयोग पुऱ्याउनका लागि कृषि कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन जरुरी छ । कृषिमा आधुनिकीकरण, व्यवसायीकरण, औद्योगिकरण गरी नागरिकको आय वृद्धि गर्न तथा रोजगारी सृजनाका लागि जानकी गाउँपालिकाको कृषि नीति २०७५ बमोजिम जानकीगाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धि कार्यविधि, २०७५ लागु गरिएको छ ।

परिच्छेद -१

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम कृषि विकास कार्यक्रम सञ्चालन व्यपस्थापन तथा अनुदान सम्बन्धि कार्यविधि, २०७५ सम्झनु पर्दछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "नीति" भन्नाले जानकी गाउँपालिकाको कृषि नीति २०७५ सम्झनु पर्दछ ।

ख. “गाउँपालिका” भन्नाले जानकी गाउँपालिका सम्झनु पर्दछ ।

ग. “कार्यपालिका” भन्नाले  गाउँकार्यपालिका सम्झनु पर्दछ ।

घ. “अध्यक्ष” भन्नाले जानकी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ङ. “उपाध्यक्ष” भन्नाले जानकी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

च. “विषयगत  समिति” भन्नाले कृषि क्षेत्र समेत हेर्ने गरी गठित समिति सम्झनु पर्दछ ।

छ. “संयोजक” भन्नाले विषयगत समितिको संयोजक सम्झनु पर्दछ ।

ज. “वडा” भन्नाले जानकी गाउँपालिकाका सबै वडा कार्यालय सम्झनु पर्दछ ।

झ. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले जानकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई

सम्झनु पर्दछ ।

ञ “शाखा प्रमुख” भन्नाले जानकी गाउँपालिकाको कृषि लगायत शाखा हेर्ने प्रमुखलाई सम्झन पर्दछ ।

ट. “अनुदान” भन्नाले यस कार्यविधि अन्तर्गत कृषकलाई दिईने अनुदान सम्झनु पर्दछ ।

ठ. “कार्य बिधि” भन्नाले जानकी गाउँपालिकाको कृषि कार्यबिधि २०७५ लाई सम्झनु पर्दछ   ।

ड. “कार्यक्रम” भन्नाले जानकी गाउँपालिका बाट स्वीकृत कृषि कार्यक्रम लाई सम्झनु पर्दछ ।

ढ. “समिति” भन्नाले गाउँ कार्यपालिका भित्र गठित कृषि संग सम्वन्धीत बिषयगत समिति सम्झनु पर्दछ ।

ण.“कृषक समन्वय समिति” भन्नाले कृषक समुहहरु मिलि गठित समितिलाई सम्झिनु पर्दछ

त. “समुह” भन्नालेगाउँपालिका क्षेत्र भित्रका गाउँ टोलमा कृषिलाई व्यवसायीकरण गर्न कृषकहरु मिलि बनेको समुहलाई सम्झीनु पर्दछ ।

थ. “ कृषि क्षेत्र ” भन्नाले कृषि सेवा विकास संग सम्वन्धित बालीनाली उन्नत बीउविजन, कृषि औजार,कृषि रासायनिक र प्राङ्गारिक मल ,किटनाशक जैविक तथा अन्य विषादी, साना सिंचाई, कृषि लगानी ,कृषि सहकारी कृषि हाटवजार, कृषि प्रसार, कृषक समूह ,लाई सम्झनु पर्दछ ।

**३.<u>उद्देश्यहरु</u> :** यस कार्यविधिका उद्देश्य देहाय वमोजिम हुनेछन ।

क. कृषि कार्यक्रम संचालन प्रकृयालाई सरल, छिटो छरितो, प्रभावकारी एवं पारदर्शि बनाउन

मद्दत गर्नु ।

ख. स्थानीय सरकारको रुपमा यस गाउँपालिकालाई कृषकमुखि बनाउदै लैजानु ।

ग. गाउँ स्तरबाट संचालन हुने कृषि कार्यक्रमहरु लाई मार्ग दर्शन प्रदान गर्ने ।

घ.प्रत्येक नागरिकले आफै स्वस्थ तरकारी उत्पादन गरी, सन्तुलित आहार, स्वस्थ जिवन जिउन प्रेरित गर्ने ।

ङ. नागरिकको आय वृद्धि, रोजगारी सृजना तथा खाद्यान्न तथा तरकारीमा आत्मनिर्भर बनाउने ।

च. नगदे बाली (केरा, माछा, तरकारी,च्याउ,मौरीपालन तथा फलफूल) को उत्पादनलाई नागरिकको आम्दानी, रोजगारी सँगै पर्यटन विकासमा जोड्दै उत्पादन पकेट क्षेत्रका रुपमा गाउँपालिपालिकालाई स्थापित गर्ने ।

छ. आधुनिक कृषि प्रणाली अवलम्वन गरी उत्पादकत्व बृद्धिका साथै कृषिमा आधारित उद्योग सञ्चालनमा जोड दिने साथै रोजगारी सिर्जना गर्ने ।

ज. कृषकको भकारो सुधार गरी गाई, भैंसीको बसाई व्यवस्थापन तथा प्राङ्गारिक तरकारी लगायत कृषिजन्य उत्पादनमा बृद्धि गर्ने ।

झ. कृषि व्यवसायीमा थप लगानी गर्ने वातावरण सिर्जना गरी रोजगारी वृद्धि गर्ने तथा विदेशिएका युवाहरुलाई समेत स्वदेशमै व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्ने ।

ञ. आवश्यकता अनुसार कृषि क्षेत्रमा सहयोग पुर्‍याउने खालका विविध किसिमका अनुदान कार्यक्रमहरु सञ्चालन गर्ने

ट. कृषक पाठशाला संचालन गरी कृषकहरुलाई दक्ष वनाउदै उत्प्रेरित गर्ने ।

## परिच्छेद -२
## कार्यक्रम पहिचान, छनौट, संचालन प्रकृया तथा कार्यान्वयन

**४. कार्यक्रम छनौट तथाअभियानमुखि कार्यक्रम** :- कृषि नीति २०७५ दफा ३ का उद्देश्य पुरा गर्न गाउँपालिका क्षेत्र भित्र देहायका अभियानमुखि कार्यक्रमहरु तथा अन्य कार्यक्रम संचालन गरिने छ ,

क. एक घर एक करेसाबारी कार्यक्रम ।

ख. कृषि प्रसार सेवा टेवा कार्यक्रम ।

ग. विशेष कार्यक्रम (युवा लक्षित, महिला लक्षित, प्रस्तावनामा आधारति तथा साझेदारी कार्यक्रम)

घ. खाद्यान्न तथा नगदेबाली (धान, मकै, गहु, माछा, मसुरो, तरकारी च्याउ र मौरीपालन ) आत्मनिर्भर कार्यक्रम

ङ. फलफूल बगैंचा निर्माण तथा सुधार कार्यक्रम

च. कृषि उपकरण, मेसिन, औजार आदि अनुदान कार्यक्रम (कृषि यान्त्रीकरण )

छ. अभियानमुखि भकारो सुधार कार्यक्रम

ज. कृषक पाठशाला संचालन कार्यक्रम

झ.साझेदारी कार्यक्रम (एक गाउँ एक उत्पादन कार्यक्रम) ञ.अन्य

कार्यक्रम (कृषि सहकारी/हाट वजार प्रवर्धन कार्यक्रम)

**५. कार्य जिम्मेवारी:**

कार्यबिधि लाई प्रभावकारी रुपमा लागू गर्न निम्नानुसार निकायको कार्य जिम्मेवारी रहने छ :

**क) गाउँ कार्यपालिका** : कार्यबिधि पारीत गरी सफल रुपमा कार्यान्वयन भए नभएको प्रत्यक्ष निगरानी एवं अनुगमन, समय सापेक्ष परिमार्जन गर्दै लैजाने ।

**ख) गाउँपालिकाकार्यालय**: प्रभावकारी रुपमा कार्यान्वयन गर्न लगाउने ।

**ग) कृषि शाखा** : प्राविधिक रुपमा जिम्मेवारी लिई कार्यक्रम कार्यान्वयन गर्ने ।

**घ) कृषि सेवा केन्द्र तथा सम्पर्क केन्द्र** : कृषकका समस्याहरु समाधान गर्न आवश्यकतानुसार कार्यक्रम कृषक समक्ष पुर्‍याउने ।

**ड.) कृषक, कृषक समुह तथा कृषक समुह समन्वय समिति:** कार्यक्रमका उद्देश्यहरु हासिल गर्न कृयाशिल भई उत्पादन तथा वजारीकरणमा प्रत्यक्ष रुपमा संलग्न भई प्रभावकारी रुपमा कार्य गर्ने।

## ६. कार्यक्रम संचालन कार्यविधि :

दफा ४ का कार्यक्रम संचालन गर्न देहायका कार्यविधि पुरा गर्नु पर्ने छ ,

**क. एक घर एक करेसाबारी कार्यक्रमः-**

(१) करेसाबारी निर्माण अभियानका लागि कम्तिमा १५ र बढीमा ३० जना कृषक मिलि समुह गठन गर्न सक्ने ।
(२) दर्ता भएको समूहले सम्बन्धित वडा कार्यालयमा करेसाबारी निर्माणका लागि निवेदन दिनुपर्नेछ ।

(२) समूहमा रहने सदस्य एउटै टोल, बस्तीको (भुगोलको श्रृङ्खला नटुट्ने गरी) हुनुपर्नेछ ।

(३) गाउँपालिकामा आवश्यक प्रकृया पुरा गरी समूह दर्ता तथा नविकरण हुनु पर्दछ ।

(४) सम्बन्धित वडा कार्यालयको सिफारिसमा कृषि शाखाले निवेदन संकलन तथा दर्ता गर्नु पर्नेछ ।

(५) कृषि शाखाले आवश्यक प्रकृया पूरा गरी निवेदन दर्ता भएको मितिले ७ दिन भित्र सम्बन्धित समूहलाई करेसाबारी निर्माण गर्न स्वीकृती दिनु पर्नेछ ।

(६) स्वीकृती दिन नसक्ने भएमा सोको कारण खुलाई सम्बन्धित समूहलाई ७ दिन भित्र  जानकारी दिनु पर्दछ ।

(७) स्वीकृत प्राप्त गरेपछि सम्बन्धित समूहले निम्न बमोजिमको कार्य गर्नु पर्नेछ ।

(क) समूहका प्रत्येक सदस्यले कम्तीमा २०० वर्ग मिटर क्षेत्रफलमा करेसाबारी क्षेत्र निर्धारण गर्नु पर्दछ ।

(ख) करेसाबारीको निर्धारित क्षेत्र बार बन्देज गर्नु पर्दछ ।

(ग) करेसाबारीमा सिंचाई गर्ने गरी पानीको व्यवस्था हुनु पर्दछ ।

(घ) करेसाबारीमा समूहको नाम, ठेगाना, कृषकको नाम, टेलिफोन नम्बर आदि खुलेको सानो सूचना बोर्ड राख्नु पर्दछ ।

(ङ) खेतीमा विविधिकरण गर्नु पर्दछ ।

(च) जैविक मल, जैविक विषादीको मात्र प्रयोग गर्नु पर्दछ ।

(छ) अनुगमनका लागि खटिएको टोलीलाई सहयोग गर्नु पर्दछ ।

(ज) करेसाबारी सञ्चालनमा प्राविधिकले दिएको सुझावलाई पालना गर्नु पर्दछ ।

(८) करेसाबारी निर्माण गरेका सदस्यले मात्र अनुदान प्राप्त गर्नेछ ।

(९) करेसाबारी निर्माण अभियानका प्रत्येक सदस्यले बढीमा रु. १५०० सयका दरले जिन्सी वा नगद अनुदान पाउने छन् ।

(१०) समूहले भुक्तानीको लागि कार्य संचालन प्रकृया आरम्भ भए पश्चात गाउँपालिकाको कृषि शाखामा निवेदन दिनु पर्दछ ।

(११) भुक्तानीको लागि निवेदन आएको मितिले १५ दिन भित्र अनुगमन गरी भुक्तानी दिई सक्नु पर्नेछ ।

(१२) उन्नत तरकारी बालीको सिडकिट  प्रत्येक चौमासिक अनुसार निशुल्क वितरण गरिने छ ।
(१३) प्रत्येक कृषकहरुको लागि  बढीमा रु ५०० सम्मको विउ वितरण गर्न सकिने छ ।

**ख) कृषि प्रसार सेवा टेवा कार्यकम**

**उद्देश्यहरु :**

- कृषि क्षेत्रलाई समय सापेक्ष रुपान्तरणका लागि कृषि क्षेत्रमा चेतनामुलक कार्यक्रमहरु (तालिम, गोष्ठी, भ्रमण, प्रदर्शन आदी ) का माध्यमबाट जनचेतनामा अभिबृद्धि ल्याउने ।

- कृषिका हरेक गतिबिधिहरुलाई प्रचार प्रसार एवं सूचना प्रवाह गर्ने ।
- उन्नत प्रबिधिको अनुशरण गरी कृषि प्रसारका कार्यक्रम मार्फत कृषकहरुको उत्पादन एवं उत्पादकत्व बृद्धि गर्ने ।

यस अन्तर्गत सञ्चालन हुने कार्यक्रम तथा संचालन प्रकृया देहाय बमोजिम हुनेछ ।

**१.तालिम, गोष्ठी तथा भमण कार्यक्रमः**

**१.१ तालिम** : गाउँ स्तरीय तालिम ३ दिने, वडा स्तरीय स्थलगत घुम्ति तालिम १ दिने (खर्च नर्मस बनाई)

**१.२ गोष्ठी :** योजना तर्जुमा गोष्ठी, अभिमुखिकरण गोष्ठी गाउँ स्तर १ दिने, वडास्तर योजना तर्जुमा गाष्ठी, अभिमुखिकरण गोष्ठी १ दिने

**१.३ भ्रमण** : अन्तर जिल्ला स्तरीय, गाउँ स्तरीय एवं अन्तर वडा स्तरिय (आवश्यकतानुसार)

नोट : यी लगायतका कार्यक्रमहरु संचालन गर्ने निर्णय संगै लागत इष्टीमेट स्वीकृतको आधारमा संचालन गर्ने र केन्द्र तथा प्रादेशिक कृषि मन्त्रालयको नर्मसलाई अवलम्वन गर्न सकिने छ ।

**२.बीउ बिजन सहयोग :**

श्रोत र प्रकृति अनुसार बढिमा ७५ प्रतिशत सम्म छुटमा ।

**३.कृषि सामाग्री तथा मेशिनरी उपकरण सहयोग** : बढिमा ७५ प्रतिशत सम्म छुटमा ।

**४.प्रदर्शन कार्यक्रम** : उत्पादन, नतिजा र प्रविधि प्रदर्शनको प्रकृति अनुसार कम्तीमा रु १००० देखी बढीमा ५००० सम्म लागत इष्टीमेट को आधारमा खर्च गरी ब्यक्तिगत वा समूहगत रुपमा अगुवा कृषक माफ्र्त संचालन गर्ने ।

**५.सूचना प्रवाह कार्यक्रम** : पोष्टर, पम्पलेट, रेडियो, टि.भी, होडिङ बोर्ड का माध्यमबाट सूचना प्रवाह गर्ने ।

**६.मागमा/प्रस्तावनामा आधारित कार्यक्रम** :गाउँ क्षेत्र भित्र कृयाशिल दर्ता भई सञ्चालनमा रहेका समुह तथा कृषि सहकारी हरुले प्रकाशित सुचनाका आधारमा अनुसुचि १.५ बमोजिमको प्रस्तावना फाराम भरी निवेदन पेश गरी स्थलगत निरीक्षण तथा छनौट प्रकृयाबाट र प्राबिधिक मल्याङ्कन तथा मापदण्ड भित्र परेका कृषक, समुह, सहकारी ् एवं फर्मलाई लागत इष्टीमेटका आधारमा बढिमा रु १ लाख सम्म (लागतको ५० प्रतिशत) अनुदान सहयोग रहनेछ ।

कृषि कार्यक्र

**७.यूवा लक्षित कार्यक्रम** : १८ बर्ष देखि ५० वर्ष सम्म उमेरका गाउँपालिका क्षेत्र भित्र कृषि व्यवसाय संचालन गरेका कृषक हरुलाई बढिमा रु. ५०,०००।- मा नबढ्ने गरी अनुदान सहयोग उपलब्ध गराउने । जसको लागि बिभिन्न बिषयका ब्यवसायिक खेतीका लागिगाउँपालिकाद्धारा तोकिएको शर्तहरु पुरा गरेका र स्थलगत निरीक्षण तथा छनौट प्रकृयाबाट र प्राबिधिक मल्याङकन् तथा मापदण्ड भित्र परेको हुनु पर्नेछ ।

**८.प्रतियोगितात्मक कार्यक्रमहरु** : कृषि बिकास मन्त्रालयको नर्म्स बमोजिम प्रतिस्पर्धा गरी गराई प्राविधिकको रोहवर तथा सिफारिसमा पुरस्कृत गर्ने (जस्तै अन्न, माछा, तरकारी फलफुल च्याउँ मौरीपालन उत्पादन प्रतियोगिता, उत्कृष्ट कृषक समुह तथा कृषकलाई रु .५०० देखि रु.२००० मा नवढ्ने गरी तहगत रुपमा उपलब्ध गराउने ।

**९.बाली कटानी कार्यक्रम** :गाउँपालिका क्षेत्रभित्रका बिभिन्न स्थान लाई आधार मानि बिभिन्न बाली कटानी द्धारा उत्पादन तथा उत्पादकत्व पत्ता लगाउने कार्य प्राबिधिकको निगरानीमा गर्ने र सो कार्य गरे वापत प्रति बाली कटानी रु ५००। सम्बन्धीत कृषक तथा प्राविधिकले भर्पाई उपलब्ध गराएमा भुक्तानी पाउने ।

**१०.दिवश कार्यक्रमहरु** (धान दिवश, विश्व खाद्य दिवश, कृषक दिवश आदि) : कार्यक्रमको ब्यापकता तथा महत्वलाई आधार मानी रु. ५०,०००।- मा नबढने गरी गाउँ स्तरका कृषक, सरोकारवालाको उपस्थिति् मा संचालन गर्ने ।

**११. कषि मेला प्रदर्शनी गाउँपालिका स्तर** ( पुरस्कृत गर्न सकिने आईटमहरु खाद्यान्नबाली, तरकारी बाली ,दलहन बाली,नगदेबाली, फलफुल बाली ,आलु बाली , माछा तथा विविध गरी ७ वटा कृषि आईटिम प्रति आईटिम रु.२५००० का दरले रु १७५०० । अन्य ब्यवस्थापन गरी जम्मा २८४०० को नर्म्समा रहि संचालन गर्ने ।

**१२.अभियानमुखि कार्यक्रमहरु** : यस कार्यक्रममा बिभिन्न सन्देशमुलक तथा सूचनामुलक कार्यक्रमहरुलाइ बिस्तार गरी चेतनाको स्तर वृद्धि ल्याउन र सप्ताह व्यापिरुपमा कार्यक्रमहरु संचालन गर्ने ।

**१३.दिगो विकास तथा प्रवर्धनात्मक कार्यक्रमहरु** : कृषिको दिगो विकासका लागि कृषि मेला, कृषक पाठशाला, माटो परीक्षण शिबिर लगायतका बिषयलाई प्रवर्धन एवं विकास गर्नुपर्ने भए यस शिर्षकमा राखी कार्यक्रम संचालन गर्ने ।

**१४.साना सिंचाई कार्यक्रम** : गाउँपालिका क्षेत्रभित्र रहेका सुख्खा क्षेत्रलाई सिचिंत बनाई उत्पादनमा वृद्धि ल्याउन कृषकहरुलाई टेवा दिन बोरीङ, पम्पसेट, मोटरसहयोग कार्यक्रम कृषि मन्त्रालयको नर्म्स बमोजिम) लागतमा कम्तीमा १५ प्रतिशत समुदायको लगानी रहने गरि कार्यक्रम संचालन गर्ने ।

**१५.बिषयगत कार्यक्रम : यस अन्तरगत कृषि क्षेत्रसंग प्रत्यक्ष सरोकार राख्ने देहायका विषयगत कार्यक्रमहरु रहनेछन**

**१५.१ बागवानी बिकासः** (तरकारी, फलफुल, आलु, आलंकारी बिरुवा, नर्सरी ब्यवस्थापन, फुल प्रवर्द्धन लगायत,
**१५.२. मत्स्य बिकासः** (जलचर प्राणी माछा लगायत जलाशय ब्यवस्थापन सम्वन्धी सम्पुर्ण कृयाकलापहरु),
**१५.३. बाली संरक्षणः** (आकस्मिक बाली संरक्षण, बाली बिरुवाका रोग किरा निदान,उपचार लगायत बाली परीक्षण शिविर संचालन मौरी पालन, च्याउ खेति आदि)
**१५.४ बाली बिकासः** (प्रमुख खाद्यान्न बालीहरुको प्रवर्धन तथा सम्वर्धन कार्य) का सम्पुर्ण कृयाकलापहरु मन्त्रालयको खाद्यान्न नर्म्समा रही संचालन गर्ने ।

**१६.विविध कार्यक्रम** :गाउँपालिका स्तरमा संचालन हुने माथि उल्लेखित कृषि प्रसार कार्यक्रमहरु (कार्यक्रमको शिर्षक तथा प्रकृति अनुसार ५ देखि १० प्रतिशतसम्म ) बाट संचालन खर्च बापत छुटयाउन सकिने ।

## ग.विशेष कार्यक्रमः

**१७.यूवा लक्षीत कार्यक्रमः-** विदेशबाट फर्केका १८ देखी ५० वर्ष उमेर भित्रका कृषकहरुले पेश गरेको प्रस्तावनामा आधारीत भई कार्यक्रम संचालन गरिनेछ । यस्तो कार्यक्रम संचालन गर्दा गाउँपालिकाले १५ दिनको सूचना प्रकाशित गरी प्रस्ताव आह्वान गर्न सक्नेछ, यसरी दिईने अनुदान लागतको घटिमा ५० प्रतिशत हुने गरि रु ६० हजार सम्म अनुदान दिने ।

**२.विशेष अनुदान कार्यक्रम :-**

(१) गाउँपालिकाले कृषि व्यवसाय का माध्यमबाट रोजगारी सृजना, नागरिकको आयआर्जनमा वृद्धि, कृषि पर्यटन आदिलाई मध्यनजर गरी ठुला, मझौला, साना विशेष अनुदान कार्यक्रम संचालन गर्नेछ ।

(२) कार्यक्रम संचालन गर्दा कृषिको आधुनिकिकरण, व्यवसायिकरण, औधोगिकरणलाई जोड दिईने छ ।

(३) कृषकसँग ७०/३०, ६०/४०, ५०/५० लागत साझेदारी सम्बन्धि अग्रिम जानकारी गराई सार्वजनिक सूचना आह्वान गरी प्रस्ताव संकलन गरीनेछ ।

(४) संचालन गरिने कार्यक्रममा अनुदान, कृषक छनौट विधि र अनुदान रकम रु.२५००० देखी रु.६०००० मा नवढ्ने गरी सम्बन्धित समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(५) सम्बन्धित समितिको आवश्यकता अनुसार उप-समिति निर्माण तथा मापदण्ड र नियमहरु तयार गरी छनौट भएका कृषकले गाउँपालिकासँग सम्झौता गरी काम गर्नेछ ।

**३.अन्य अनुदान कार्यक्रमः-**

(१) गाउँपालिकाले कृषि विकासका लागि विभिन्न किसिमका अनुदान कार्यक्रम संचालन गर्न सक्नेछ ।

(२) अन्य अनुदान सम्बन्धि संचालन, समितिको निर्णय बमोजिम कृषि शाखाबाट हुनेछ ।

**घ. खाद्यान्न तथा नगदेबाली आत्मनिर्भर कार्यकम (धान,मकै,गहु,माछा,मसुरो,आलु तरकारी):**

(१) एउटै बाली तथा जातको कम्तिमा ३ विघा देखी १० बिघा सम्ममा खाद्यान्न बाली तथा नगदेबालीको खेती गर्न चाहने कृषकले वडा कार्यालयको सिफारिस सहित निवेदन दिनु पर्नेछ ।

(२)कृषि शाखाले निवेदन दर्ता गर्नु पर्नेछ

३) कृषि शाखाले प्रकृया पूरा गरी वडा कार्यालय सिफारिस सहितका प्राप्त निवेदन दर्ता भएको मितिले ७ दिन भित्र सम्बन्धित कृषकलाई खाद्यान्न विशेष पकेट निर्माणका लागि स्वीकृति दिनु पर्नेछ ।

(४) स्वीकृत गर्न नसकेमा सोको कारण खुलाई ७ दिन भित्र सम्बन्धित कृषकलाई जानकारी दिनु पर्नेछ ।

(५) स्वीकृत पत्र प्राप्त गरी सकेपछि सम्बन्धित कृषकले निम्न बमोजिमको कार्य गर्नु पर्नेछ ।

(क) पकेट एउटै बाली तथा जातको हुनु पर्दछ ।

(ख) कम्तिमा १.५ विघामा पकेट निर्माण भएको हुनु पर्दछ ।

(ग) पकेट क्षेत्रमा सिंचाई गर्ने व्यवस्था गर्नुपर्दछ ।

(घ) जैविक मल तथा विषादी लाई प्राथमिकतामा राखि सिफारिस गरिएको मात्रामा मलखादको प्रयोग गर्नु पर्नेछ ।

(ङ) मापदण्ड बमोजिम खेती गर्नु पर्नेछ ।

(च) बिरुवा लगाउनु अगाडी प्रारम्भिक उपचार विधि पूरा गर्नु पर्दछ ।

(छ) श्रोत केन्द्र, अनुसन्धान केन्द्र र गाउँपालिकाले तोकेको उत्पादन केन्द्रमा उत्पादन भएका श्रोत बीउ प्रयोग गर्नु पर्दछ ।

कृषि कार्यक्र

(ज) अनुगमन टोलीलाई सहयोग गर्नु पर्दछ ।

(झ) प्राविधिकले दिएको परामर्श र निर्देशनको पालना गर्नु पर्दछ ।

(६) अनुदान एवं प्रोत्साहन रकम अनुगमन समितिको सिफारिस बमोजिम प्रति विघा रु.२५,०००।- (पच्चीस हजार) देखी रु.१,००,०००।- (एक लाख) मा नबढने गरी दिईनेछ ।

(७) छनौटमा परेका कृषक वा समुहहरुले काम सुरुवात गरे पश्चात गाउँपालिकाको कृषि शाखामा भुक्तानीका लागि निवेदन दिनु पर्दछ ।

(८) भुक्तानीका लागि निवेदन आएको मितिले १५ दिन भित्र अनुगमन गरी भुक्तानी दिई सक्नु पर्दछ ।

**ङ. फलफूल बगैंचा निर्माण सुधार कार्यक्रम :-**

(१) एउटै जातको कम्तिमा ३ कठठ्ा मा फलफूल बगैंचा निर्माण गर्न चाहाने कृषकले वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) वडा कार्यालयबाट प्राप्त सिफारिस सहितको निवेदन दर्ता भएको मितिले ७ दिन भित्र सम्बन्धित कृषकलाई आवश्यक प्रकृया पूरा गरी फलफूल बगैंचा निर्माणका लागि स्वीकृती दिनु पर्दछ ।

(३) स्वीकृत गर्न नसके सोको कारण खुलाई ७ दिन भित्र सम्बन्धित कृषकलाई लिखित जानकारी दिनु पर्दछ ।

(४) स्वीकृत प्राप्त गरी सकेपछि सम्बन्धित कृषकले निम्न बमोजिमको कार्य गर्नु पर्दछ ।

(क) फलफूल बगैंचा एउटै जातको हुनु पर्दछ ।

(ख) कम्तिमा ३ कठठ्ा बगैंचा निर्माण भएको हुनु पर्दछ ।

(ग) पकेट क्षेत्रमा सिंचाई गर्ने व्यवस्था गर्नुपर्दछ ।
(घ) जैविक मल तथा विषादी लाई प्राथमिकतामा राखि सिफारिस गरिएको मात्रामा मलखादको प्रयोग गर्नु पर्नेछ ।

(ङ) मापदण्ड बमोजिम खेती गर्नु पर्नेछ ।

(च) बिरुवा लगाउनु अगाडी प्रारम्भिक उपचार विधि पूरा गर्नु पर्दछ ।

(छ) श्रोत केन्द्र, अनुसन्धान केन्द्र र गाउँपालिकाले तोकेको उत्पादन केन्द्रमा उत्पादन भएका श्रोत बीउ प्रयोग गर्नु पर्दछ ।

(ज) अनुगमन टोलीलाई सहयोग गर्नु पर्दछ ।

(झ) प्राविधिकले दिएको परामर्श र निर्देशनको पालना गर्नु पर्दछ ।

(६) अनुदान रकम अनुगमन समितिको सिफारिस बमोजिम प्रति कठ्ठा रु.५०००। देखी रु.१०,०००। सम्म अनुदान रकम दिन सकिनेछ ।

(७) भुक्तानीको लागि गाउँपालिकाको कृषि शाखामा निवेदन दिनु पर्दछ ।

(८) भुक्तानीका लागि निवेदन आएको मितिले १५ दिन भित्र अनुगमन गरी भुक्तानी दिई सक्नु पर्दछ ।

**च. कृषि उपकरण, मेसिन, औजार आदि अनुदान कार्यक्रम (कृषि यान्त्रीकरण):-**

(१) गाउँपालिका भित्रका कृषकहरुलाई सबै किसिमका कृषि औजार, सामाग्री, मेसिन, प्रशोधन केन्द्र, कृषि उद्योगमा प्रयोग हुने सामाग्री आदि कृषिजन्य विविध उपकरणमा बढिमा ७५ प्रतिशत सम्म अनुदान दिन सकिनेछ । जसको लागी रितपुर्वक गाउँपालिकाले सार्वजनिक सुचना जारी गर्ने छ ।

(२) गाउँपालिकाको सुचना बमोजिम कृषकको निवेदन वडा कार्यालयको सिफारिस सहित कृषि शाखामा दर्ता गरिने छ ।

(३) प्राथमिकिकरण गर्दा क्रमशः समूह, कृषि कार्यमा संलग्न सहकारी, कृषि फर्म, व्यक्तिलाई प्राथमिकता दिईने छ ।

(४) हाते ट्याक्टर, पावर टेलर, चाप कटर, मकै छोड्याने मेसिन पावर स्प्रेयर लगायतमा अनुदान दिईने छ ।

(५) अन्य उपकरण, मेसिन, औजार, सामाग्रीमा दिईने अनुदान रकम गाउँपालिकाको निर्णय बमोजिम हुने छ ।

(६) उपकरण, मेसिन, औजार र कृषि सामाग्री गाउँपालिकाले खरिद गरी अनुदान बाहेकको रकम सम्बन्धित कृषकबाट गाउँपालिकाको वा श्रोत फर्मको खातामा दाखिला गराई सके पश्चात मात्र उपलब्ध गराइनेछ ।

(७) उपकरण, मेसिन, औजार, कृषि सामाग्री खरिद प्रकृया गाउँपालिकाको सार्वजनिक खरीद ऐन तथा नियमावली बमोजिम हुनेछ ।

**छ. भकारो सुधारो अनुदान कार्यक्रम :-**

(१) भकारो सुधारको लागि कृषकले सम्बन्धित वडा कार्यालयको सिफारिस साथ कृषि शाखामा निवेदन दिनु पर्नेछ।

(२) कृषि शाखाले निवेदन प्राप्त भएको मितिले १५ दिन भित्र आवश्यक फिल्ड भेरीफीकेसन गरी विषयगत समितिको प्रत्यक्ष निगरानी र मापदण्डभित्र परेका निवेदन स्वीकृत गर्नुपर्नेछ ।

(३) स्वीकृत हुन नसकेका निवेदनको कारण खुलाई सम्वन्धीत कृषकहरुलाई जानकारी दिनु पर्नेछ ।

(४) कृषि शाखाले स्वीकृती प्राप्त गरेको ७ दिन भित्र सम्बन्धित कृषकलाई काम गर्नको लागि सूचना दिनु पर्नेछ ।
५) भकारोलाई गाई, भैंसी बस्न सुविधा हुने गरी आधुनिक तरिकाले ढलान तथा मुत्र संकलन गर्नु पर्नेछ

(६) मुत्र सङ्कलनका लागि कम्तिमा २ घ.फिट को ट्याङ्की बनाउनु पर्नेछ ।

(७) भकारो सुधारका लागि साइज तथा अनुगमन टोलीको प्रतिवेदन अनुसार प्रत्येक कृषकलाई रु.५,०००। देखी रु. १२,५००। सम्म अनुदान दिईनेछ ।

**कृषक पाठशाला संचालन कार्यक्रम**

विगतमा कार्यक्रम संचालन भएर उपज उत्पादनमा क्रियाशिल समूह भएका र कृषि उत्पादनका दृष्टिले क्षमतावान पकेट क्षेत्र ,उत्पादनलाई वजारीकरण समावेश गर्न सकिने क्षेत्र ,कम्तिमा बाली अवधिभरको कृषक पाठशाला सफलता पुर्वक सहभागि रहेका कृषक,दर्ता भएको कृषक समूह भएको उक्त कृषक पाठशाला जानकी गाउँपालिका कृषि विकास शाखा बाट संचालन गरिनेछ । कृषि विभागको कृषक पाठशाला संचालन नर्मस् अनुरुप हुनेछ ।

**ज.साझेदारी कार्यक्रम :**कृषि संग सम्वन्धीत बिषयमा गाउँपालिका क्षेत्र भित्रका लक्षित समुदायमा कार्यक्रम संचालन गर्दा कुनै पनि सघ संस्था तथा निकायले गाउँपालिका कृषि शाखा संग समन्वय तथा सहकार्यमा अघि बढाउने र कार्यक्रमको प्रगति विवरण मासिक, चौमासिक तथा वार्षिक रुपमा गाउँ कार्यपालिकामा प्रस्तुत गर्ने । आवश्यकतानुसार संयुक्त रुपमा तथा समुदायको चाहना बमोजिम घुम्ती कोष एक गाउँ एक उत्पादन, कृषि हाटबजार लगायत क्षेत्रहरुमा गाउँपालिका वा अन्य सरोकारवाला निकायहरुसंग साझेदारीमा आय आर्जनलाई टेवा पुऱ्याउने गरी कार्यक्रम संचालन गर्ने ।कृषकहरुले निवेदन दिदा अनुसुचि १.४ बमोजिम आवेदन दिनुपर्नेछ ।

**झ.अन्य कार्यकम** :अन्य कार्यक्रम सञ्चालन गर्नुपर्ने भए गाउँपालिकाको निर्णय बमोजिम गरिनेछ । बजारीकरणका लागि सम्वन्धित वडा कार्यालयले प्राथमिकता तोकी कार्यक्रम संचालन गर्ने ।

कृषि कार्यक्र

**७.विविध**

**क.अनुगमन समिति :-**

गाउँपालिकामा संचालित हरेक कृषि संग संवन्धित कार्यक्रमहरुको अनुगमनका लागि देहाय बमोजिमको ५ सदस्य अनुगमन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको ब्यक्ति १ जना - संयोजक
(ख) गाउँपालिका उपा अध्यक्ष वा निजले तोकेको ब्यक्ति १ जना - सदस्य
(ग) सम्वन्धित कृषि विकास समिति संयोजक - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको योजना शाखा प्रमुख १ जना - सदस्य
(ङ) कृषि शाखा प्रमुख १ जना -सदस्य सचिव
अनुगमन सम्बन्धि कार्यविधि अनुगमन समितिका निर्णय बमोजिम हुनेछ ।

**ख. भुक्तानीको लागि चाहिने आवश्यक कागजातहरु :-**

(क) निवेदन
(ख) स्वीकृत लागत ईस्टिमेट
ग) सम्बन्धित वडा कार्यालय तथा शाखा प्रमुखको सिफारिस
(घ) अनुगमन समितिको सिफारिस ।
(ङ) सम्वन्धित काम संचालनको फोटो ।
(च) प्रतिवेदन आदि

**ग. छनौट समिति :-**

**१) यस कार्यविधि बमोजिमका अनुदान कार्यक्रम संचालनका लागि निम्न बमोजिमको ५ सदस्यीय छनौट समिति रहनेछ**

(क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको व्यक्ति संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष वा निजले तोकेको व्यक्ति सदस्य १ जना
(ख प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी १ जना सदस्य
(ग) सम्वन्धित कृषि विकास समिति संयोजक - सदस्य
ड) कृषि शाखा प्रमुख - सदस्य सचिव

(२) यस समितिले काम गर्दा आवश्यक विधि, प्रकृया मापदण्ड अवलम्बन गरी तथा यसै कार्यविधिले निर्देश गरे बमोजिम काम गर्नुपर्नेछ ।

घ.अगुवा तथा व्यवसायिक कृषक पहिचान (परिचय -पत्र वितरण) :-

(१) गाउँपालिकाका कृषकहरुको लगत खडा गरी कृषक पहिचानका साथै स्तर निर्धारण गरी परिचय पत्र प्रदान गरीनेछ ।

(२) देहाय बमोजिमको मापदण्डका आधारमा कृषकको वर्गिकरण गरी कृषक परिचय पत्र तथा अनुदानका कार्यक्रमहरुमा प्राथमिकता दिईनेछ ।

**<u>ठुला कृषक -ब्यावसायिक कृषक)</u>**

(क) आधुनिक खेति कम्तिमा ५ विघा भन्दा वढि जग्गामा खेती गरेको कृषक ।
(ख) ५० घार भन्दा बढी मौरी पालन तथा ५०० डल्ला भन्दा बढीमा च्याउ खेति गरेको ।

(ग) २५ कठठ्ा भन्दा वढि जग्गामा एकै प्रकारको फलफूल तथा तरकारी खेती गर्ने ।

(घ) वार्षिक ५००० के.जि. भन्दा बढी माछा उत्पादन गर्ने ।

(ङ) कृषि लगायत अन्य बालीबाट वार्षिक रु ५ लाख भन्दा बढि आम्दानी गर्ने ।

(च) आफु तथा परिवारका सदस्यहरु स्वरोजगार बनि कम्तीमा २ जना भन्दा वढिलाइ रोजगारी दिएको कृषक ।

<u>मझौला कृषक</u>

(क) उन्नत प्रविधि अपनाई खेती कम्तिमा १ देखी ५ विघा जग्गामा खेती गर्ने कृषक ।

(ख) १० घार देखि ५० घार सम्म मौरीपालन तथा २०० देखि ५०० डल्ला सम्म च्याउ खेति गरेको ।

(ग) १० देखि २५ कठ्ठा सम्म जग्गामा एकै प्रकारको फलफूल खेती गर्ने ।

(घ) वार्षिक १००० देखी ५००० के.जि. सम्म माछा उत्पादन गर्ने ।

(ङ) कृषि तथा अन्य बाली बिक्रि गरी वाार्षिक रु. १ लाख देखी ५ लाख सम्म आम्दानी गर्ने ।

(च)आफु तथा परिवारका सदस्यहरु कृषिमै स्वरोजगार बनेको कृषक ।

**<u>साना कृषक</u>**

(क) उन्नत तरिकाले कम्तिमा १ कठ्ठा देखी १ विघा सम्म जग्गामा खेती गर्ने कृषक ।

(ख) ५ घार देखी १० घार सम्म मौरीपालन र २० देखि २०० डल्ला सम्म च्याउ खेति गरेको गरेको ।

(ग) ५ देखी १० कठ्ठा सम्म जग्गामा एकै प्रकारको फलफूल खेती गर्ने ।

(घ) वार्षिक १०० देखी १००० के.जि. सम्म माछा उत्पादन गर्ने ।
ङ) कृषि तथा अन्य बाली विक्रि गरी वाार्षिक रु १० हजार देखि रु.१ लाख सम्म आम्दानी गर्ने ।

(च)आफु तथा परिवारका सदस्यहरु कृषिमै आश्रित कृषक ।

(४) उपदफा २ बमोजिम व्यवसायिक कृषक हो ठहर गरी वडा कार्यालयको सिफारिसमा गाउँपालिकाले कृषक परिचय पत्र दिनेछ ।

कृषि कार्यक्र

**ङ.कृषक समूह समन्वय समिति :-**

१) टोल बस्तीमा गठन भएका कृषक समुहबाट प्रतिनिधित्व गर्दै प्रत्येक वडाहरुमा वडा स्तरीय कृषक समुह समन्वय समिति र हरेक वडा स्तरिय समन्वय समितिको प्रतिनिधित्व हुने गरी गाउँस्तरीय कृषक समुह समन्वय समिति रहनेछ ।

२) गाउँस्तरिय कृषक समुह समन्वय समिति १३ सदस्यीय रहनेछ ।

(क) हरेक वडा स्तरिय समन्वय समितिबाट प्रतिनिधित्व भई आएका ९ जना सदस्य - सदस्य
(ख) कृषि शाखाले व्यवसायिक कृषकहरु मध्येबाट कम्तिमा २ जना महिला
१ जना जनजाति र १ जना दलित पर्ने गरि मनोनित गरेको ४ जना - सदस्य

३) सदस्यहरुले पदाधिकारीहरुमा आफु मध्येबाट १ जना अध्यक्ष, १ जना सचिव र १ जना कोषाध्यक्ष छान्न सक्नेछन जस मध्ये १ महिला र १ जना आदिवासी जनजाति अनिवार्य हुनु पर्नेछ ।

४. वडा स्तरिय कृषक समुह समन्वय समितिले कृषक समुहहरु तथा वडा कार्यालयहरु बीच समन्वय गरी उत्पादन, प्रशोधन, बजारिकरणका लागि गाउँस्तरीय कृषक समुह समन्वय समितिलाई सहयोग गर्नेछ ।

५. गाउँस्तरीय कृषक समुह समन्वय समितिले गाउँपालिका, वडा कार्यालय वडा स्तरिय समन्वय समिति तथा अन्य सरोकारवालाहरु संग समन्वय गरी उत्पादन, प्रशोधन, बजारिकरणका लागि आवश्यक कार्य गर्नेछ ।

**ग. कृषक समुह गठन तथा नविकरण :-**

१) जानकी गाउँपालिकाको कृषि नीति तथा कार्यविधि अनुसार कृषकहरुले आपसमा मिलि समग्र कृषि क्षेत्रको विकास गर्न गाउँपालिका क्षेत्र भित्रको सम्भाब्यता र प्राविधिकको राय बमोजिम टोल तथा बस्ती स्तरमा समुह गठन गर्न सक्नेछन । जसको लागि सम्बन्धित वडा कार्यालयको सिफारिस तथा अनुसुचि १.१ र १.२ को निवेदन फाराम तथा विवरण भरी विधान सहित कृषि शाखामा आवेदन गर्नु पर्नेछ ।

२) उपदफा १ बमोजिम दर्ताको लागि प्राप्त निवेदन माथि जाँचबुझ गरी गाउँपालिकाले समुह दर्ता गरी अनुसुचि १.३ बमोजिमको प्रमाण-पत्र उपलब्ध गराउनु पर्दछ ।

३) समुह गठन भए पश्चात समुहले निम्नानुसार कार्य गर्नेछ ।

३.१ समूहको विधान बमोजिम तोकिएको कामहरु गर्ने

३.२जानकी गाउँपालिकाकोकृषि नीति तथा कार्यविधिका आधारमा कार्यहरु गर्ने।

३.३ समूहको लागि कृषि विकास योजनाहरु बनाउने ।

३.४ समूहको क्षमता अभिबृद्धि, सदस्य कृषकहरुको व्यवसायिक दक्षता अभिबृद्धिका लागि कार्यहरु गर्ने ।

३.५ समूहको दर्ता तथा नविकरण आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र गर्नु पर्नेछ ।

८. यस कार्यविधिको संशोधन तथा परिमार्जन गाउँकार्यपालिकाले गर्नेछ ।

अनुसूची १.१

कृषक समुह दर्ताको निवेदन फाराम

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,

जानकीगाउँपालिका खजुराखुर्द, बाँके

विषयः- कृषक समूह दर्ता गरीपाउँ .

प्रस्तुत विषयमा हाम्रो समूह दर्ताको लागि निम्नानुसारको विवरण, विधान तथा समूहको निर्णय र वडा कार्यालयको सिफारीस सहित निवेदन पेश गरेका छौं । दर्ता गरी पाउँन अनुरोध छ ।

निवेदक
दस्तखत
नामः
पदः

मो. नंः

मितिः

<u>समूहको बिस्तृत विवरण</u>

१. समूहको नाम :- श्री.........................................

२. ठेगाना :- गा.पा.......................      वडा नं.      गाउँ/टोल

३. समूह सदस्य ं -

४.समुह गठन मिती

:-

५. अध्यक्षको नाम :- श्री.........................................
६ सम्पर्क नं. :-

७. समुहको किसिम :- महिला/पुरुष/मिश्रित

८. समुहको उदेश्य (एकओटा)मात्रः-

९. हितकोष रकम :-

९.१ प्रति व्यक्ति/ प्रति महिना बचत रु :-

९.२ प्रति महिना समुहको हितकोष संकलन रु :-

१०. हितकोष लगानी रु :-

१०.१.कृषि क्षेत्रमा मात्र लगानी रु :

११.जग्गा को क्षेत्रफल :-

१२. नियमित बैठक बस्ने मिति समय र थानः-

१३. आ.ब. मा बैठक बसेको संख्या :-

कृषि कार्यक्र

१४.आवद्ध सदस्य संख्या समाबेशीको आधारमा :-

१५. पदाधिकारी तथा सदस्य हरुको विवरण :

| **किसिम** | **महीला** | **पुरुष** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|
| दलीत | | | | |
| जनजाती | | | | |
| अन्य जाती | | | | |
| **जम्मा** | | | | |

| **क. स** | **नाम थर** | **पद** | **महीला /पुरुष** | **शैक्षीक योग्यत** | **उमेर** | **जग्गा क्षेत्रफल बिगाहा मा** | **अन्य** | **दस्तखत** |
|---|---|---|---|---|---|---|---|---|
| 1. | | | | | | | | |
| 2. | | | | | | | | |
| 3. | | | | | | | | |
| 4. | | | | | | | | |

- अन्य महलमा मौरी घार संख्या, बगैचा क्षेत्रफल र बोट संख्या, माछा पोखरी संख्या र क्षेत्रफल, च्याउँ पोका संख्या आदी ।
- पाना नपुग भए छुटै पाना प्रयोग गर्नुहोला ।

समूहको वार्षिक कार्ययोजना समावेश गर्ने ।

## अनुसूची १.२
## समूह दर्ताको लागि निवेदन तथा विवरण फाराम

श्री  प्रमुख प्रशासकिय अधिकृत ज्यु ,
जानकी गाउँपालिका
मार्फत श्री कृषि विकास शाखा ................
विषयः समुह दर्ता गरिपाउँ ।

श्री कृषि विकास शाखाको सम्पर्क .............................. को सहयोगमा ⁄ हामी आफै संगठित भई ................ गा.पा.,न.पा. ...........,........................गठन  भएको हाम्रो ................................................................................................................................. समूह दर्ता गरी पाउन निम्न विवरण  तथा विधान सहित यो निवेदन गरेका छौ ।

..............................
समूह अगुवाको दस्तखत
नामः
पदः
सम्पर्क मो नं :

कृषि कार्यक्र

समूहको विवरण

समूहको नाम ........................................................
स्थापना बर्ष ............. नपा .............. वडा नं. .............. टोल................................
समूहको उद्देश्य .....................................................................................................
........................................................................................................................
. सदस्य संख्या पुरुष ................ महिला .................... जम्मा .................................

| क.सं. | पदाधिकारीहरूका नाम | पद | उमेर | जग्गा क्षेत्रफल | शैक्षिक योग्यता | दस्तखत |
|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | |
| २ | | उपाध्यक्ष | | | | |
| ३ | | सचिव | | | | |
| ४ | | कोषाध्यक्ष | | | | |
| ५ | | सदस्य | | | | |
| ६ | | ,, | | | | |
| ७ | | ,, | | | | |
| ८ | | ,, | | | | |
| ९ | | ,, | | | | |

नियमित बैठक वस्ने दिन ..................... प्रति
महिना समूहको हितकोष संकलन हुन सक्ने रु. .....
हाल सम्मको हितकोषमा जम्मा रकम रु. ........

अनुसूची १.३

जानकीगाउँकार्यपालिकाको कार्यालय,

खजुराखुर्द ,बाँके

दर्ता नं. .........

प्रमाण पत्र नमूना

जानकी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय ............................ कृषक समूह दर्ता प्रमाण-पत्र समूह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई वा पुऱ्याउने उद्देश्यले यस न.पा को ....वडा नं. .. ...............मा मिति . . . . . . . . .. मा गठित श्री . . . . . . . . . . . . . . . ..................कृषक समूहलाई यस कार्यालयको कृषि शाखाको अभिलेखमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

मितिः- ..... ............................

............................ .............................

कृषि शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची १.४**

**कृषक समुह नविकरणको निवेदन फाराम**

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,

जानकी गाउँपालिकाखजुराखुर्द, बाँके ।

विषयः- कृषक समूह नविकरण गरिपाउँ .

प्रस्तुत विषयमा रु १०।-को टिकट सहित हाम्रो समुह नविकरणको लागि निम्नानुसारको विवरणतथा समुहको निर्णय र वडा कार्यालयको सिफारिस सहित निवेदन पेश गरेका छौं । नविकरण गरी पाउँन अनुरोध छ ।

निवेदक

दस्तखतः

नामः

पदः

मो. नः

मितिः

<u>समूहको बिस्तृत विवरण</u>

१. समूहको नाम :-श्री

२. ठेगाना :- गा.पा. वडा नं. गाउँ/टोल

३. समूह सूचीकृत (दर्ता)मितिः-

४.समुह गठन मिति :-

४.१ निकटतम निर्वाचन /पुर्नगठन मिति :-

५. अध्यक्षको नाम :- श्री

६ सम्पर्क नं. :-

७. समुहको किसिम :- महिला/पुरुष/मिश्रित

८. समुहको उदेश्य (एकओटा)मात्रः-

९. अघिल्लो वर्षको अषाढ मसान्त सम्मको हितकोष रकम :-

९.१ प्रति व्यक्ति/ प्रति महिना बचत रु :- ९.२ प्रति महिना समुहको हितकोष संकलन रु :-

कृषि कार्यक्र

१०. हितकोष लगानी रु :-

१०.१.कृषि क्षेत्रमा मात्र लगानी रु :-

११. अघिल्लो आ.ब. मा असुली रु :-

| किसिम | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|
| दलित | | | | |
| जनजाती | | | | |
| अन्य जाती | | | | |
| जम्मा | | | | |

१२. नियमीत बैठक बस्ने मिति, समय र स्थान :- १३. आ.ब.०७३/०७४ मा बैठक बसेको संख्या :-

१४. सदस्य संख्या समाबेशीको आधारमा :

१५. पदाधिकारी तथा सदस्यहरुको विवरण :

| क्र. स | नाम थर | पद | महिला /पुरुष | शैक्षीक योग्यत | उमे र | जग्गा क्षेत्रफलबिगाहा मा | अन्य | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | | | | | | | | |
| 2 | | | | | | | | |
| 3 | | | | | | | | |
| 4 | | | | | | | | |

- अन्य महलमा मौरी घार संख्या, बगैचा क्षेत्रफल र बोट संख्या, माछा पोखरी संख्या र क्षेत्रफल, च्याउँ पोका संख्या आदी ।

- पाना नपुग भए छुटै पाना प्रयोग गर्नुहोला ।

समूहको वार्षिक कार्ययोजना समावेश गर्ने ।

अनूसुचि १.५

आवेदन फाराम

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,

जानकी गाउँपालिका . . . . . .

विषय : प्रस्तावनामा आधारित कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत विषयमा त्यस कार्यालयबाट सञ्चालन गरिने प्रस्तावनामा आधारित अनुदान कार्यक्रम प्राप्तिका लागि हाम्रो कृषक समूह/कृषक सहकारी संस्थाको निर्णय प्रतिलिपी र तपसिलको विवरण सहित यो निवेदन पेश गरेका छौं । हामी त्यस कार्यालयले तोकेको कार्यविधिहरु अपनाई सोही अनुसार कार्यक्रम सञ्चालन गर्न पुर्ण रुपमा सहमत छौं । प्रस्तावना पत्रः

कृषि कार्यक्र

१. समूहको पृष्ठभूमी :

२. समूह/संस्थाको नाम :

३. समूह/संस्था दर्ता मितिः

४. किसिमः दलितः  जनजातीः मिश्रितः  अन्यः

५. समूह सदस्य संख्याः

६. समूह वैठक प्रकृयाः

७. हितकोष रहम रु. हितकोष परिचालन प्रकृयाः

८. समूहले गर्न चाहेको कार्यक्रमको नामः

९. कार्यक्रम सञ्चालन स्थलः

१०. कार्यक्रमवाट लाभान्वित हुने परिवार संख्याः

११.  कार्याक्रमबाट प्राप्त हुने प्रतिफल :

१२. समूह/संस्थाले गर्न चाहेको कार्यक्रमको संक्षिप्त विवरणः   .

. १३. माग गरेको कार्यक्रमलाई लाग्ने जम्मा वजेट रु.

१४. समूह/संस्थाको आफनो श्रोतवाट व्यहोरिने रु.
१५. समूह/संस्थाले माग गरेको आर्थिक सहयोग रु.

निवेदक हस्ताक्षर नामः                    कृषक समूह/संस्थाको छापः

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनापरयिोजनाद्धारा जारीसंचालनकार्यविधि

## क) ब्लक उत्पादन प्रवर्धन कार्यक्रम

### क.१. गाउँ स्तरमा परियोजना अभिमुखीकरण

सम्बन्धित कृषि शाखाले व्लक क्षेत्रका कृषक समूह/सहकारी/जल उपभोक्ता समूह/कृषक उद्यमी, निजी सेवा प्रदायक लगायत अन्य सरोकारवाला निकायहरुको उपस्थितिमा परियोजना र व्लक संचालन सम्बन्धमा अभिमुखिकरण कार्यक्रम संचालन गर्नेछ ।

### क.२. प्रविधि तथा प्राविधिक सहयोग

क) सम्बन्धित जानकी गाउँपालिका कृषि विकास शाखाले व्लक क्षेत्रमा सहभागितात्मक व्यवसायिक उत्पादन प्रविधि प्रदर्शन तथा स्थलगत तालिम कार्यक्रम संचालन गर्नेछ । प्रत्येक व्लकमा सम्बन्धित बाली/वस्तुका १ हे. क्षेत्रफलमा सहभागितात्मक व्यवसायिक उत्पादन प्रविधि प्रदर्शन संचालन गरिनेछ । साथै, प्रत्येक व्लकमा सम्बन्धित बाली/वस्तुको उत्पादन प्रविधि, बजारीकरण,मूल्य श्रृंखला विकास लगायतका विविध पक्षहरु समेटिने गरी स्थलगत तालिम कार्यक्रम संचालन गरिनेछ ।

ख) सम्बन्धित जानकी गाउँपालिका कृषि विकासले व्लक क्षेत्रमा एकिकृत माटो, वीउ र बाली संरक्षण सेवा उपलब्ध गराउन मोबाईल भ्यानमार्फत स्थलगत प्रयोगशाला सेवा संचालनमा ल्याउनेछ ।

कृषि कार्यक्र

**क.३. उत्पादन सामग्री सहयोग**

क) उत्पादन सामग्री विशेष गरी रासायनिक तथा प्रंङ्गगारिक मलमा हाल खाद्यान्नप्रावधान अनुरुप नै व्लक क्षेत्रका लागि आवश्यक परिमाणमा अनुदानमा उपलब्धगराइनेछ ।

ख) सम्बन्धित व्लक संचालक समितिले रासायनिक तथा प्रंगाङ्गरिक मल विक्रीवितरणका लागि कृषि सामग्री कम्पनी लि. को डिलरशिप प्राप्त गर्नेछन् ।

ग) वीउ/वेर्नामा अनुदान उपलब्ध गराइने छैन । यसका लागि प्रतिफलमाआधारित प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ । यस सम्बन्धि कार्यविधि छुट्टैव्यवस्था गरिएको छ।

**क.४. कृषि यान्त्रिकरणका लागिCustom Hirin Centerस्थापना**

क) सम्बन्धित व्लकमा यान्त्रिकरण प्रवर्दनका लागि व्लकका बाली/वस्तुका लागि उत्पादन देखि भण्डारणसम्म आवश्यक पर्ने सबै प्रकारका मेशिनरी औजार उपकरणको सेट खरिदमा ५० प्रतिशत पुँजीगत अनुदान उपलब्ध गराइनेछ ।

ख) सम्बन्धित व्लकका लागि आवश्यक मेशिनरी औजार उपकरणको सेटको विवरण र लागत इष्टिमेट कृषि इन्जिनियरिङ्ग निर्देशनालयको सहयोग र समन्वयमा सम्बन्धित परियोजना कार्यान्वयन इकाइ (PIU) ले गर्नेछ ।

ग)सम्बन्धित संचालक समितिले उक्त मेशिनरी औजार उपकरणको सेट खरिद गरी Custom Hiring Centerसंचालन गर्न चाहेमा सोही समिति मार्फत वा सो समिति यस किसिमको सेवा उपलब्ध गराउन विभिन्न कारणल अनिच्छुक देखिएमा यो सेवा संचालन गर्न इच्छुक अन्यकृषक समूह/सहकारी/उपभोक्ता समूह/कृषक उद्यमी वा निजि सेवा प्रदायकलाई सम्बन्धित व्लकलाई प्राथमिकतामा राख्दै अन्य क्षेत्रमा समेत सहुलियत दरमा सो सेवा उपलब्ध गराउने गरी त्यस्ता कृषक समूह/सहकारी/उपभोक्ता समूह/कृषक उद्यमी वा निजि सेवा प्रदायकलाई यस वापतको अनुदान उपलब्ध गराइनेछ ।

घ) यस Center संचालन गरेवापतको पुँजीगत अनुदान सम्बन्धित व्लक संचालक समिति वा उपरोक्तानुसार यो सेवा संचालन गर्ने कृषक समूह/सहकारी/उपभोक्ता समूह/कृषक उद्यमी वा निजि सेवा प्रदायकको बैंक खातामा उपलब्ध गराइनेछ।

**क.५ पोष्ट हार्भेष्ट स्थापना**

क) सम्बन्धित व्लकमा व्यवसायीकरणका लागि प्राथमिक प्रशोधन केन्द्र, गोदाम घर, ग्रेडिंग लगायतका उत्पादनोपरान्त आवश्यक पूर्वाधारहरु रहेको एक पोष्ट हार्भेष्ट सेन्टर निर्माण गरिनेछ। यसका लागि ८५ प्रतिशत पुँजीगत अनुदान उपलब्ध गराइनेछ।

ख) यस्तो केन्द्र स्थापनाका लागि सम्बन्धित संचालक समिति वा सम्बन्धित कृषक उद्यमीले आवश्यक जग्गा उपलब्ध गराउनु पर्नेछ।

ग) सम्बन्धित व्लकका लागि आवश्यक पोष्ट हार्भेष्ट सेन्टरको विस्तृत डिजाइन र लागत इष्टिमेट कृषि इन्जिनियरिङ्ग निर्देशनालयको सहयोग र समन्वयमा सम्बन्धित परियोजना कार्यान्वयन इकाइ (PIU) ले गर्नेछ।

घ) सम्बन्धित व्लक  संचालक समितिले यस्तो पोष्ट हार्भेष्ट सेन्टर संचालन गर्न चाहेमा सोही सिमिति मार्फत यस किसिमको सेवा उपलब्ध गराउने विभिन्न कारणले अनिच्छुक देखिएमा यो सेवा संचालन गर्न इच्छुक अन्य कृषक समूह/सहकारी/ उपभोक्ता समूह/कृषक उद्यमी वा निजि सेवा प्रदायकलाई सम्बन्धित व्लकलाई प्राथमिकतामा राख्दै अन्य क्षेत्रमा समेत सहुलियत दरमा सो सेवा उपलब्ध गराउने गरी त्यस्ता कृषक समूह/सहकारी/उपभोक्ता समूह/ कृषक उद्यमी वा निजि सेवा प्रदायकलाई यस वापतको अनुदान उपलब्ध गराइनेछ।

ङ) यस सेन्टर संचालन गरेवापतको पुँजीगत अनुदान सम्बन्धित व्लक संचालक समिति वा निजि सेवा प्रदायकको बैंक खातामा उपलब्ध गराइनेछ।

**.६.नर्सरी/ग्रिन हाउस/सेड हाउस स्थापन सहयोग**

कृषि कार्यक्र

स्वस्थ तथा गुणस्तरीय विरुवा तथा सम्वन्धित बस्तु उत्पादनका लागि सरकारी-निजि- सहकारी/ समूहको साझेदारीमा व्लक क्षेत्रमा उच्च प्रविधियुक्त नर्सरी स्थापना गरिनेछ। यसका  लागि ८५ प्रतिशत पुँजीगत अनुदान उपलब्ध गराइनेछ।

क) यस्तो नर्सरी स्थापनाका लागि सम्बन्धित संचालक समिति वा कृषक उद्यमीले आवश्यक जग्गा उपलब्ध गराउनु पर्नेछ।

ख) सम्बन्धित व्लकका लागि आवश्यक नर्सरीको विस्तृत डिजाइन र लागत इष्टिमेट सम्वन्धीत निर्देशनालयको सहयोग र समन्वमा सम्बन्धित परियोजना कार्यान्वयन इकाई(PIU) ले गर्नेछ ।

ग) सम्बन्धित व्लक संचालक समितिले यस्तो नर्सरी स्थापना गर्न चाहेमा सोहि समितिमार्फत वा सो समिति यस किसिमको सेवा उपलब्ध गराउन विभिन्न कारणले अनिच्छुक देखिएमा यो सेवा संचालन गर्न इच्छुक अन्य कृषक समूह/सहकारी/उपभोक्ता समूह/कृषक उद्यमी वा निजि सेवा प्रदायकलाई सम्बन्धित व्लकलाई प्राथमिकतामा राख्दै अन्य क्षेत्रमा समेत सहुलियत दरमा विरुवा उपलब्ध गराउने गरी त्यस्ता कृषक समूह/सहकारी/उपभोक्ता समूह/कृषक उद्यमी वा निजि सेवा प्रदायकलाई यस वापतको अनुदान उपलब्ध गराइने छ ।

घ) यस्तो नर्सरी संचालन गरेवापतको पुँजीगत अनुदान सम्बन्धित व्लक संचालक समिति वा उपरोक्तानुसार सो सेवा संचालन गर्ने कृषक समूह/सहकारी/उपभोक्ता समूह/कृषक उद्यमी वा निजि सेवा प्रदायकको बैंक खातामा उपलब्ध गराइनेछ ।

## ७. नया पोखरी निर्माण अनुदान

क) पहिचान भएका सम्भाब्यताका आधारमा उपयुक्त (एक बाली उत्पादन हुने,खाल्का जग्गा, बाली सघनता कम भएका, प्राबिधिकको सिफारिस) क्षेत्रहरुमा नया पोखरी निर्माणका लागि कृषक स्वंयमले सुचानालाई दृष्टिगत गरी निवेदन दिने स्थलगत प्राबिधिक निरिक्षण र श्रोतका  आधारमा प्राथामिकरण गरी पोखरी खन्ने कृषक छनौट गरीने छ ।

ख) छनौट भएका कृषकहरुले प्राबिधिक इष्टीमेट बमोजिम बढिमा प्रति हे. जलाशय रु.३०००००। (तिन लाख) का दरले अनुदान आवेदकको खातामा जम्मा गरी दिने ।

## ८. साना सिँचाई निर्माण तथा मर्मत सम्भार सहयोग

क) साना सिँचाई निर्माण तथा मर्मत सुधार संचालक समितिको सिफारिसमा परियोजना कार्यान्वयन इकाइले निर्णय गरे बमोजिम संचालन गरिनेछ ।

ख) मझौला तथा ठूला सिँचाई निर्माण तथा मर्मत सम्भारका लागि सिँचाई मन्त्रालयको समन्वयमा संचालन गरिनेछ ।

**९.मत्स्य पोखरी निर्माण,नर्सरी तथा ह्याचरी स्थापना सहयोगकार्यक्रमहरु**

क) हिमाल, पहाड र तराईका लागि उपयुक्त मत्स्य पोखरी र ह्याचरी स्थापनाका लागि मत्स्य विकास निर्देशनालयको सहयोग र समन्वयमा सम्बन्धित निकायद्धारा मत्स्य पोखरी निर्माण तथा ह्याचरी स्थापना सहयोग संचालन गरिनेछ । जसमा प्रति हेक्टर एकमष्ट ५०००००।(पाँच लाख)सम्वन्धीत कृषक तथा नर्सरी म्यानलाइ उपलब्ध गराउने ।

**१०. उत्पादनमा आधारित प्रोत्साहन प्रणाली**

तोकिएको व्लक क्षेत्रमा लगाइने बाली/वस्तुको तोकिएको लक्ष्य अनुरुपको क्षेत्रफल/उत्पादकत्व वा अन्य तोकिएको सूचक अनुसारको प्रगति हासिल भएमा व्लकमा संलग्न कृषकहरुले उपलब्ध बजेटको सिमाभित्र रही तोकिएको प्रोत्साहन रकम प्राप्त गर्नेछन् । जुन छुट्टै व्यवस्था कार्याविधि अनुसार हुनेछ ।

गाउँपालिका क्षेत्रभित्र रहेका व्लक क्षेत्रहरुमा संचालित कार्यक्रमको अनुगमन सम्बन्धित गाउँपालिका कार्यालयले गर्नेछ ।

विषयगत निर्देशनालयहरुले आ-आफ्नो कार्यक्षेत्रभित्रका बाली/वस्तुका व्लकहरुको र सम्बन्धित क्षेत्रीय कृषि निर्देहशनालयहरुले आफ्नो क्षेत्रका व्लकहरुको अनुगमन निरिक्षण गरी पृष्टपोषण सहित परियोजना व्यवस्थापन ईकाइमा प्रतिवेदन गर्नेछ ।

व्लक क्षेत्रहरुमा संचालित कार्याक्रमको प्रगति विवरण मासिक रुपमा कृषि शाखाले नगरपालिका तथा माथिल्लो निकाय समक्ष पेश गर्नेछ । चौमासिक र वार्षिक रुपमा गाउँपालिका स्तरमा समिक्षा गरिनेछ ।

कृषि कार्यक्र

## <u>ख) पकेट उत्पादन प्रवर्धन कार्यक्रम</u>

**<u>उद्देश्यः</u>**

कृषि क्षेत्रको आधुनिकिकरणमायोगदान पुर्याउने साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेटहरु विकास गरी छनौट गरिएको बाली / बस्तुहरुको उत्पादन र उत्पादकत्व बृद्दी तथा रोजगारी सिर्जना गरी कृषकहरुको आम्दानी बृद्दी गर्नु यस कार्यक्रमसंचालनको उद्देश्य रहेको छ ।

**<u>पकेटनिर्माण/छनौट प्रक्रिया</u>**

पकेटक्षेत्र निर्माणाकालागि देहायकासेवा/सविधा/पूर्वाधारहरुभएकोहुनु पर्नेछ।

क)सडकको पहुँच भएकोवाहुन सक्ने ।

ख)सिंचाईकोउपलब्धताभएकोवाहुन सक्ने ।

ग)विद्युतुकोउपलब्धताभएकोवाहुन सक्ने ।

घ)तोकिएकोक्षेत्रफलचक्लाबन्दीभएकोवाएउटैकोरिडोरमारहेको

ङ)वित्तीयसंस्थाहरुकोउपलब्धताभएकोवाहुन सक्ने ।

च)कृषिसेवाकेन्द्रसंगकोपहुँच भएको ।

यसपरियोजनाअन्तरगतप्रथमवर्ष अर्थातआ.व२०७३/७४कालागि देशकासवै७५जिल्लाहरुमामाथि उल्लेखितपूर्वाधारहरुभएकोकुल२१००पकेटहरुसंचालनमारहनेछन् ।आगामीबर्षहरुमासम्भाव्यतारमागकाआधारमापकेटसंख्यावृद्दीगदैलगिने छ।

- जिल्लामासंचालिमारहेको/रहने व्लक/जोन /सपुर-जोनकाबाली/वस्तुमा उक्त जिल्लामा लक्षित कुलपकेटसंख्याकोकम्तीमा५०प्रतिशत र जिल्लाकोआवश्यकतारसम्भाव्यताकाआधारमाअन्य बाली/वस्तमु बाकी५०प्रतिशतपकेटहरू सम्बन्धित गाउँपालिका मार्फत संचालन गरिनेछ।

- पकेट निर्माण गर्दा भौगोलिकतथा प्राविधिक सम्भाव्यतारमाटोकोउर्बराशक्तिका आधारमाप्रत्यकेजिल्लामा तोकिएकाबाली/वस्तुका पकेटहरु निर्माण गर्न कृषकसमहु/कृषि कार्यमा संग्लगन सहकारी/कृषिउद्यमीहरु/जलउपभोक्ता समितीको आवदेन मागगरीसूचीतयार गरिनेछ।

- आबेदन दिन चाहने उल्लेखितसमूह/सहकारी/उद्यमी/समितिहरुसूचिना प्रकाशन भएको मिति भन्दा अगावै सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्ने छ ।

- सूचीकृतहरुमध्येवाटआवश्यकसंख्यामापकेटछनौटकालागि जिल्लास्तरमासम्बन्धित बिषय बिशेषज्ञवातोकिएकोसंयोजकत्वमाआवश्यकतानुसारसदस्यहरु रहने एक प्राविधिक कार्यदल बनाइने छ ।उक्त कार्यदललेतोकेकासूचकहरुरस्थलगतप्रमाणीकरणसमेतकाआधारमा सिफारिशगरेअनुरुप पकेटक्षेत्रकोछनौट सम्बन्धितजानकीगाउँपालिका कृषि शाखालेगर्नेछ।

- यसरीपकेटक्षेत्रसंचालन गर्न छानिएका कृषकसमहु/सहकारी/कृषिउद्यमी/जलउपभोक्ता समितिहरुको प्रतिनिधित्व रहने दफा५.१ अनुसारकोपकेट संचालक समिति सम्बन्धित जानकी गाउपालिका कृषि शाखा वीच तोकिएका कार्यक्रामहरु संचालनका लागि एकसम्झौता हुने छ ।समिति गठन गर्दा आवश्यकताकाआधारमाएकभन्दाबढीसमूह/सहकारी/उद्यमी/जलउपभोक्ता समितहरुकोसमेत प्रतिनिनधत्व रहने व्यवस्था गर्न सकिने छ।

- संचालन गरिने कार्यक्रमका सम्बन्ध मा सम्बन्धि सेवाकेन्द्रको समन्वयमा सम्बन्धित पकेटसंचालक समितिले प्रस्तावन तयारगरीसोहीवमोजिमसम्झौतागरिने छ।

- पकेट संचालनका सम्वन्धमा सम्वन्धित जानकी गाउँपालिका सँग भएको सम्झौता वमोजिमका कार्यहरु संचालन गर्ने सम्वन्धमा खण्ड ४ वमोजिम स्थापन भएको पकेट क्षेत्रको ब्यवस्थापनका लागि सम्वन्धित कृषक समूह / सहकारी / कृषि / उद्यमी / जल उपभोक्ता समितिहरुको प्रतिनिधित्व रहने गरी कम्तिमा ३३ प्रतिशत महिला समितिको ९ सदस्यीय पकेट संचालन समिति गठन गरिने छ ।
  - उक्त समितिमा संयोजक,उपसंयोजक, सचिव र सहसचिव एक एक जना र बाँकी ५ जना सदस्य रहने छन
  - पकेट संचालक समितिको प्रमुख कार्यकारी पदहरुमा कम्तिमा १ जना महिला हुनु पर्नेछ ।
  - कृषि विकास रणनीति (ADS -ले परिकल्पना गरे वमोजिमको सामूदायिक कृषि प्रसार सेवा केन्द्र ( CAESC -प्रमुख वा उक्त सेवा केन्द्र गठन नहुन्जेल सम्मका लागि सम्वन्धित कृषि सेवा केन्द्र प्रमुख समितिको पदेन सदस्यको रुपमा रहने छ । नेपाल सरकारको श्रोतवाट संचालन गरिने कार्यक्रमको प्रस्तावना तयार गर्दा निजको सहमति अनिवार्य रहनेछ ।
  - स्थानीय स्तरको सम्वन्धित सरोकारवाला निकायहरुको प्रतिनिधि समितिको सल्लाहाकारका रुपमा रहने छ ।
  - कानुन वमोजिम दर्ता भएका कृषि कृषि ,उद्यमी , कम्पनि वा फर्मको हकमा सोही कृषि उद्यमी, कम्पनि वा फर्म संचालक नै पकेट संचालक समितिको संयोजक रहने छन् ।

कृषि कार्यक्र

## पकेट सचालक समितिको काम, कर्तब्य र अधिकार

पकेट संचालनका लागि आवश्यक उत्पादन सामाग्रीहरुको परिमाण, श्रोत र लागतको अनुमान गर्ने बाली चक्रको लागि उत्पादन योजन संचालनना सहितको प्रस्तावना तयार गर्ने ।

पकेट क्षेत्रमा संचालन गरिने कार्यक्रम कार्यान्वयन गर्ने र आवश्यक समन्वय गर्ने ।
पकेटलाई ब्यवस्थित रुपमा संचालनका लागि आधार तयार गर्ने, संलग्न कृषक समूह / सहकारी / जल उपभोक्ता समूह / कृषि उद्यमीहरु लगायत संग निरन्तर सम्वादन र सहकार्य गर्ने ।

पकेट निर्माण ,व्यवस्थापन, संचालन र अनुगमनका सन्दर्भमा अन्य सवै आवश्यक कार्यहरु गर्ने ।

संचालक समितिको बैठक कम्तिमा महिनाको १ पटक अनिवार्य रुपमा र आवश्यकतानुसार अन्य समयमा समेत वस्न सक्ने छ ।

- पकेट संचालन सम्वन्धि आन्तरिक आचारसहिता code of conduct आवश्यक भएमा तयार गरी पालन गर्ने गराउने ।
- कार्यक्रमको दिगोपनाको लागि समितिको अवधि र समितिको पदाधिकारीहरु तथा सदस्यहरुको पदावधि समितिले आवश्यकता अनुसार निर्धारण गर्नेछ । तर समितिको अवधि २ वर्ष भन्दा वढी हुने छैन । समितिको अवधि समाप्त भए पछि समितिका पदाधिकारीहरुको पदावधि स्वत समाप्त हुनेछ । समितिले आवश्यक विनियम तयार गरी सोही वमोजिम नयाँ समिति गठन गर्ने छ ।
- समिति गठन भएको एक वर्ष भित्र उक्त समिति सम्वन्धित निकायमा दर्ता हुनु पर्ने छ ।
- सम्वन्धित जानकी गाउँपालिका कृषि विकास शाखाले सम्वन्धित पकेट क्षेत्रमा सहभागितात्मक नविन उत्पादन प्रविधि प्रदर्शन तथा स्थलगत तालिम कार्यक्रम संचालन गर्नेछ । प्रविधि हस्तान्तरणमा सतप्रतिशत अनुदान रहने छ ।

## संचालन गरिने कार्यक्रमहरु

## १. गाउँपालिका स्तर र पकेट स्तरमा परियोजना अभिमुखिकरण

सम्वन्धित गाउँपालिका कृषि विकास शाखाले पकेट क्षेत्रका कृषक समुह र जल उपभोक्ता समूह/कृषि उद्यमी, निजि सेवा प्रदायक लगायत अन्य सरोकारवाला निकायहरुको उपस्थितिमा परियोजना र पकेट संचालन सम्वन्धमा गाउँपालिका स्तरमा सम्वन्धित पकेट स्तरमा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने छ ।

## २ उत्पादन प्रविधि प्रदर्शन

सम्वन्धित गाउँपालिका कृषि विकास शाखाले पकेट क्षेत्रमा सहभागितात्मक नविन उत्पादन प्रविधि प्रदर्शन तथा स्थलगत,तालिम कार्यक्रम संचालन गर्ने छ । प्रविधि हस्तान्तरणमा सतप्रतिशत अनुदान रहने छ ।

## ३. उत्पादन सामाग्री सहयोग

१. सम्वन्धित गाउँपालिका कृषि विकास शाखाले पकेट क्षेत्रका लागि उन्नत बीउ,वर्ना विरुवा ,माछा भुरा ,रासायनिक एवं जैविक विषादी रासायनिक तथा प्राङ्गारिक मल जस्ता उत्पादन सामाग्री सहयोग गर्ने छ ।

२. उपरोक्त वमोजिमका उतपादन सामाग्रीहरुमा नेपाल सरकारको तर्फवाट ५० प्रतिशतअनुदान सहयोग हुने छ भने

३.रासायनिक तथा प्राङ्गारिक मलको हकमा विद्यमान ब्यवस्था बमोजिमको अनुदानको सहयोग रहने छ ।

## ४. पुंजीगत अनुदान

१. पुंजीगत अनुदान वापत प्रत्येक पकेटका लागि निश्चित वजेट विनियोजन गरिने छ ।

२. विनियोजित वजेटको परिधि भित्र रहि पुँजीगत आवश्यकताका क्षेत्रहरु

जस्तै मेशिन औजार, सिंचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भार, प्रारम्भिक प्रशोधन पुर्वाधारहरु threshing floor, storage house, collection center ) लगायतका पुर्वाधार विकासमा खर्च गर्न सकिने छ ।

३. यस्ता प्रकृतिका पुँजिगत कार्यक्रमहरु संचालन गर्दा मेशिनरी औजारको लागि बढीमा ८५ प्रतिशत प्रयोगशाला सेवाहरुमा बढीमा ८५ प्रतिशत। साना सिंचाई पुर्वाधारमा बढीमा ८५ प्रतिशत र उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पुर्वाधारहरुमा बढीमा ८५ प्रतिशत नेपाल सरकारको तर्फबाट अनुदान उपलब्ध गराउन सकिने छ ।

## ५. अन्य कार्यक्रमहरु

यसका अलावा पकेट संचालक समितिको माग र स्थानीय संभाब्यताका आधारमा परियोजना दस्तावेजको मर्म अनुरुपका अन्य चालु खर्च अन्तरगतका कार्यक्रमहरु समेत तर्जुमा गरी संचालन गरिने छ ।

## ६. कार्यक्रम अनुगमन र प्रतिवेदन

१. गाउँपालिका भित्र रहेका पकेट क्षेत्रहरुमा संचालित कार्यक्रमको अनुगमन सम्वन्धित गाउँपालिकाको वडा कार्यालय, कृषि विकास शाखा , गाउँपालिकाका लगायत सरोकार वाला निकायहरुले संयुक्त रुपमा अनुगमन गरिने छ ।

२.विषयगत निर्देशनालयहरुले आफ्नो क्षेत्रका भित्रका बाली वस्तुका पकेटहरुको अनुगमन निरिक्षण गरी पृष्ठपोषण सहित कृषि विभाग मार्फत परियोजना ब्यवस्थापन ईकाइमा प्रतिवेदन र सुझाव दिनेछन् ।

३.मासिक,चौमासिक र वार्षिक रुपमा तोकिएको फर्मेट वमोजिमको पकेट क्षेत्रहरुमा संचालित कार्यक्रमहरुको प्रगति विवरण सम्वन्धित गाउँपालिका कृषि विकास शाखाले परियोजना ब्यवस्थापन इकाई समक्ष पेश गर्ने छ । यसको जानकारी सम्वन्धित कार्यक्रम निर्देशनालयहरुमा उपलब्ध गराउनु पर्ने छ ।

कृषि कार्यक्र

४. सम्वन्धित क्षेत्रीय कृषि निर्देशननालयहरुले उक्त निकायहरुको प्रगति कम्पायल गरी कृषि विभागमा उपलब्ध गराईने छ ।

५. चौमासिक र वार्षिक रुपमा पकेट विकास कार्यक्रमको क्षेत्रीय र राष्ट्रिय स्तरमा समिक्षा गरिने छ ।

## ७ अन्य

यस कार्यविधिमा उल्लेख भएका बाहेक  अन्य क्रियाकलापहरु विद्यमान नर्मस, कायृविधि, निर्देशिका, र प्रचलित नियम कानुन वमोजिम हुने छ ।

अगामी वर्षहरुमा थप हुने पकेट क्षेत्रको संख्या र पकेटमा रहने बाली/बस्तु सम्वन्धि अन्य विषयबस्तुहरु सम्वन्धित स्थानयि तहको आर्थिक विकास समितिको निर्णय वमोजिम हुने छ ।

## खण्ड ७. कार्यक्रम अनुगमन/प्रतिवेदन

७.१गाउँपालिका भित्र रहेका सवै वडा हरुमा संचालित बिभिन्न कार्यक्रमको अनुगमन सम्बन्धित वडा कार्यालय कृषि शाखा, गाउँपालिका लगायत सरोकार वाला निकायहरुले र संयुक्त रुपमा पनि गरिने छ ।

७.२ कृषि शाखा लगायत सम्बन्धित वडाहरुले गाउँपालिका क्षेत्रका कार्यक्रमहरुको अनुगमन निरिक्षण गरी पृष्टपोषण सहित गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्ने छ ।

७.३ गाउँपालिका क्षेत्रहरुमा संचालित कार्यक्रमको प्रगति विवरण मासिक रुपमा कृषि शाखाले गाउँपालिका तथा माथिल्लो निकाय समक्ष पेश गर्नेछ । चौमासिक र वार्षिक रुपमा गाउँपालिका स्तरमा समिक्षा गरिनेछ ।

## खण्ड ८. विविध

८.१ अन्य कुराहरु खाद्यान्न ऐन,नियम कानुन एवं राष्ट्रिय कषि निति २०६१ बमोजिम हुनेछ ।

८.२ आगामी वर्षहरुमा थप हुने कार्यक्रमको संख्या र सम्भाब्य बाली/वस्तु सम्बन्धि कुनै कार्य गर्नु पर्दा कृषि शाखाको सिफारिसमा परियोजना कार्यान्वयन समितिको निर्णय बमोजिम हुनेछ ।

८.३ यस कार्य बिधि २०७४ लाई समय सापेक्ष रुपमा परिमार्जन तथा संशोधन गरी लागु गर्ने कार्य कृषि शाखाको सिफारिसमा गाउँ सभा ले आवश्यकता अनुसार गर्न सक्ने छ ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत